लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौं, वरिष्ठ सहायक (नगद) पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

LEARN • GROW • SUCCEED

२०८०।१२।१३ पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग, लेखा तथा सूचना प्रविधि

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड "क" (४० अङ्क)

१. ग्राहकमूखी बैंकिङ्ग सेवाको अवधारणा प्रष्ट्याउँदै नेपालमा वाणिज्य बैंकहरुले प्रदान गर्दै आएको वित्तीय सेवामा यस अवधारणाको प्रयोग कुन रूपमा भएको पाउनुहुन्छ? समीक्षात्मक टिप्पणी गर्नुहोस् । ४+६=१०

२. भुक्तानीका साधनहरुको परिचय दिँदै हाल नेपालमा प्रचलनमा रहेका भुक्तानीका साधनहरुले बैंकिङ्ग क्षेत्रमा सिर्जना गरेका जोखिम तथा चुनौतीमाथि प्रकाश पार्नुहोस् । ३+७=१०

३. नेपाल राष्ट्र बैंकले बैंक नोट तथा सिक्का व्यवस्थापन कसरी गर्दछ? चर्चा गर्दै नगद व्यवस्थापनमा निहित जोखिमलाई न्यूनीकरण गर्न के-कस्ता उपायहरु अवलम्बन गर्नुपर्दछ? लेख्नुहोस् । ५+५=१०

४. ग्राहक पहिचान (KYC) ले सम्पत्ति शुद्धीकरण निवारण (Anti Money Laundering) गर्ने कार्यमा कसरी सहयोग पुर्याउँदछ? प्रष्ट पार्दै बैंकिङ्ग कारोबारमा ग्राहक पहिचानमा के-कस्ता चुनौती रहेका छन्? बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५+५=१० खण्ड "ख" (४० अङ्क)

MIRAS ACADEMY

५. नगद खाता र नगद प्रवाह विवरणबीच के-कस्तो अन्तरसम्बन्ध रहेको हुन्छ? चर्चा गर्दै लेखा परीक्षकले नगद खाता परीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरु उल्लेख गर्नुहोस् । ५+५=१०

६. दोहोरो लेखा प्रणाली (Double Entry System) को अवधारणामाथि प्रकाश पार्दै यसका विशेषताहरुको वर्णन गर्नुहोस् । ५+५=१०

७. आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउन जिन्सी व्यवस्थापनले के-कसरी सहयोग पुर्याउँछ? स्पष्ट गर्दै जिन्सी व्यवस्थापनका विधिहरु व्याख्या गर्नुहोस् । ३+७=१०

८. बैंकिङ्ग कारोबारमा निहित जोखिमहरु उल्लेख गर्दै तिनको न्यूनीकरण गर्ने उपायहरु प्रस्तुत गर्नुहोस् । ४+६=१० खण्ड "ग" (२० अङ्क)

९. Describe the concept and importance of Data Security. Explain different methods to protect data of an organization. 5+5=10

१०. Explain the important provisions prescribed by the Information Technology Guidelines issued by Nepal Rastra Bank to commercial banks. 10

:: समाप्त ::

CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu

Online Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौं, वरिष्ठ सहायक (नगद) पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

LEARN • GROW • SUCCEED

२०८०।१२।१४ पत्र : द्वितीय

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड "क" (६० अङ्क)

१. मौद्रिक र गैर मौद्रिक उत्प्रेरक तत्व (Monetary and Nonmonetary Motivational Elements) अन्तर्गत के-के पर्दछन्? उल्लेख गर्दै आफ्ना कर्मचारीलाई उत्प्रेरित गर्न राष्ट्रिय वाणिज्य बैंकले गर्नुपर्ने कार्यहरु जानकारी गराउनुहोस् । ५+५=१०

२. निर्णय (Decision) को परिचय दिँदै संगठनलाई सक्षम र प्रभावकारी बनाउने कार्यमा व्यवस्थापनको निर्णय क्षमतालाई कुन-कुन तत्वहरुले प्रभाव पार्दछ? वर्णन गर्नुहोस् । २+८=१०

३. कार्यालय संरचना (Office Layout) ले संगठनमा कार्य वातावरण सिर्जना गरी कार्यसम्पादनलाई नतिजामूलक बनाउन निर्वाह गर्ने भूमिकाको विश्लेषण गर्नुहोस् । १०

४. फाइलिङ्ग र अनुक्रमणिका (Filing and Indexing) बीचको भिन्नता केलाउँदै अनुक्रमणिकाको आवश्यकता किन पर्दछ? उल्लेख गर्नुहोस् । ५+५=१०

५. कार्य विश्लेषण (Job Analysis) को परिचय दिनुहोस् । कार्य विश्लेषणले कर्मचारी भर्ना तथा छनौट (Recruitment and Selection) मा कसरी महत्वपूर्ण भूमिका खेल्दछ? प्रकाश पार्नुहोस् । ३+७=१०

MIRAS ACADEMY

६. मानव संसाधन व्यवस्थापनका उद्देश्यहरु उल्लेख गर्दै यसलाई प्रभाव पार्ने तत्वहरु वर्णन गर्नुहोस् । ४+६=१० खण्ड "ख" (२० अङ्क)

७. कुनै व्यक्तिले रू २१,००० वार्षिक १२% का दरले ४ वर्षका लागि बैंकमा जम्मा गर्दा उक्त व्यक्तिले पाउने साधारण ब्याज र चक्रीय ब्याज कति-कति होला? यदि उक्त व्यक्तिले सोही रकम पहिलो, दोस्रो, तेस्रो र चौथो वर्ष (४ वर्ष) का लागि क्रमशः ६%, १०%, १२% र १५% का दरले जम्मा गरेको भए उसले पाउने साधारण ब्याज पत्ता लगाउनुहोस् । १०

८. दिइएका समस्याहरुको हल गर्नुहोस् । ५+५=१०

क) एक जना टेलर कर्मचारीले ३ मिनेटमा २ बण्डल रूपैयाँ गन्न सक्छ भने १२ जना टेलर कर्मचारीले ७२० बण्डल रूपैयाँ कति मिनेटमा गन्न सक्छन्? पत्ता लगाउनुहोस् ।

लोकसेवा तयारी बैंकिङ तयारी शिक्षक सेवा तयारी संस्थान्न तयारी

ख) ५ जना पुरूष, १० जना महिला र ३० जना केटाहरू मिलेर दिनको ८ घण्टाको दरले काम गर्दा ८१ दिनमा एउटा काम पूरा गर्न सक्छन् भने १० जना पुरूष, १० जना महिला र १० जना केटाहरू मिलेर २/३ भाग काम एक घण्टा ओभर टाइम समेत गरेर कति दिनमा गर्न सक्छन्? पत्ता लगाउनुहोस् । खण्ड "ग" (२० अङ्क)

९. कोष र गैर कोषमा आधारित कारोबारमा रहेको भिन्नता उदाहरण सहित प्रस्तुत गर्नुहोस् । गैर कोषमा आधारित कारोबारमा के-कस्ता जोखिम रहेका हुन्छन्? बुँदागत रूपमा प्रष्ट पार्नुहोस् । ५+५=१०

CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu

१०. नेपाल राष्ट्र बैंकले जारी गरेको सफा नोट नीतिको संक्षिप्तमा चर्चा गर्दै सफा नोट नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न के-कस्ता सुधार/पहलको आवश्यकता देख्नुहुन्छ? बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् । ४+६=१०

:: समाप्त ::

LEARN • GROW • SUCCEED

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१२।०९ पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग, लेखा तथा कम्प्यूटर/आइटी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड "क" (४० अङ्क)

१. 'क' वर्गका वित्तीय संस्थाले स्वीकार गर्ने निक्षेप र प्रवाह गर्ने कर्जाका प्रमुख प्रकारहरु उल्लेख गर्नुहोस् । कर्जा वर्गीकरण र नोक्सानी व्यवस्था (Loan Classification and Loan Loss Provisioning) सम्बन्धमा विद्यमान नीतिगत प्रावधानको व्याख्या गर्नुहोस् । २+२+६=१०

२. नेपालको वर्तमान बैंकिङ्ग अवस्थाको तथ्यपरक विश्लेषण गर्दै बैंकिङ्ग क्षेत्रले सामना गरिरहेका चुनौतीहरु उल्लेख गर्नुहोस् । ५+५=१०

३. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अनुसार के-कस्ता कसूरलाई बैंकिङ्ग कसूर भनी परिभाषित गरिएको छ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् । १०

४. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम कम्पनीको प्रबन्धपत्र र नियमावलीमा उल्लेख हुनुपर्ने विषयहरु प्रस्तुत गर्नुहोस् । ५+५=१० खण्ड "ख" (४० अङ्क)

५. लेखा परीक्षणको परिचय दिँदै यसका प्रकारहरुको वर्णन गर्नुहोस् । साथै, बैंकमा लेखा परीक्षण गर्नुपर्नाका कारणहरु स्पष्ट गर्नुहोस् । ३+४+३=१०

६. वासलात (Balance Sheet) किन तयार गरिन्छ? जानकारी गराउँदै वाणिज्य बैंकको वासलातमा सम्पत्ति (Assets) तर्फ हुने मुख्य ५ शीर्षक र दायित्व तथा पूँजी (Liabilities and Capital) तर्फ हुने मुख्य ५ शीर्षकहरु उल्लेख गर्नुहोस् । २+८=१०

७. बैंकिङ्ग व्यवसायमा जोखिम व्यवस्थापन भनेको के हो? स्पष्ट गर्नुहोस् । साथै, बैंकिङ्ग कारोबारमा अन्तर्निहित जोखिम व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशनमा के-कस्ता व्यवस्था गरिएका छन्? संक्षेपमा उल्लेख गर्नुहोस् । २+८=१०

८. जिन्सी व्यवस्थापन (Inventory Management) गर्दा के-के विषयमा ध्यान दिनुपर्दछ? प्रष्ट पार्नुहोस् । राष्ट्रिय वाणिज्य बैंकले के-कस्तो तरिकाले जिन्सी व्यवस्थापन गरेको छ? चर्चा गर्दै सहज तरिकाले जिन्सी व्यवस्थापन गर्दाका फाइदाहरु उल्लेख गर्नुहोस् । ४+४+२=१० खण्ड "ग" (२० अङ्क)

MIRAS ACADEMY
लोकसेवा बैंकिङ शिक्षक सेवा संस्थान्न
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 8th Floor Sundhara Kathmandu
Online Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

९. What are the practical applications of word processing system and electronic spreadsheet (Excel) in banking sector? Briefly explain the primary functions of Operating System. 6+4=10

१०. What are the major objectives of Nepal Rastra Bank Information Technology Guidelines? Explain e-mail system and its role in a banking organization. 5+3+2=10

:: समाप्त ::

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८०।१२।१०　　पत्र : द्वितीय

समय : ३ घण्टा　　पूर्णाङ्क : १००

विषय : व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड "क" (६० अङ्क)

१. निर्णय प्रक्रिया (Decision Making Process) भनेको के हो? निर्णय प्रक्रियाका चरणहरु (Steps) उल्लेख गर्दै नेपालको सन्दर्भमा निर्णयकर्ताले सामना गर्नुपरेका समस्याहरु औंल्याउनुहोस् । २+३+५=१०

२. संगठनमा द्वन्द्व (Conflict) का कारणहरु, द्वन्द्वका किसिम र यसको प्रभावबारे चर्चा गर्दै द्वन्द्व व्यवस्थापनको शैली तथा उपायहरु सुझाउनुहोस् । ५+५=१०

३. टिप्पणीको परिचय दिँदै संगठनको निर्णय प्रक्रियामा टिप्पणीको महत्वबारे चर्चा गर्नुहोस् । साथै, टिप्पणी लेख्दा ध्यान दिनुपर्ने विषयहरु लेख्नुहोस् । २+४+४=१०

४. फाइलिङ्गको महत्व बताउनुहोस् । साथै, यसलाई प्रभावकारी ढंगले व्यवस्थित गर्ने तरिकाहरु उल्लेख गर्नुहोस् । ३+७=१०

५. मानव संसाधन व्यवस्थापनका उद्देश्य तथा कार्यहरु उल्लेख गर्नुहोस् । ५+५=१०

६. Total Quality Management भनेको के हो? Quality Circle ले संगठनको समस्या समाधानमा कसरी प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछ? उल्लेख गर्नुहोस् । ३+७=१०　खण्ड "ख" (२० अङ्क)

७. कुनै मूलधन (Principal) को साधारण ब्याज (Simple Interest) ३ वर्षमा रू. २४० र सोही मूलधनको चक्रीय ब्याज (Compound Interest) २ वर्षमा रू. १६३.२० हुन्छ भने ब्याजदर (Interest Rate) र मूलधन पत्ता लगाउनुहोस् । साथै, साधारण ब्याजमा लगानी गर्नुको सट्टा चक्रीय ब्याजमा लगानी गर्दा लगानीकर्ताले ३ वर्षमा कति रकम बढी कमाउँछ? ५+२+३=१०

८. तलका समस्याहरुको हल गर्नुहोस् । ५+५=१०

MIRAS ACADEMY
LEARN • GROW • SUCCEED
लोकसेवा तयारी　बैंकिङ तयारी　शिक्षक सेवा तयारी　संस्थान्न तयारी
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Online Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

क) तीन जना व्यापारीले ३:४:५ को अनुपातमा लगानी गर्दा रू. ३६,००,००० लगानी गरेछन् भने प्रत्येकको लगानी रकम कति-कति थियो? पत्ता लगाउनुहोस् ।

ख) कालुले ४५ मिनेटमा १८ कि.मी. दौड पूरा गर्न सक्छ भने उसलाई ३० कि.मी. दूरी पार गर्न कति समय लाग्ला? पत्ता लगाउनुहोस् ।

LEARN • GROW • SUCCEED

खण्ड "ग" (२० अङ्क)

९. नेपालमा विप्रेषण आप्रवाह (Remittance Inflow) ले नेपालीहरुको जीवनस्तर उकास्नमा महत्वपूर्ण भूमिका खेलेको छ भने आन्तरिक उत्पादनको कमीले आयात (Import) मा निर्भरता बढेको अवस्था छ । यस सन्दर्भमा विप्रेषण आप्रवाहबाट विदेशी मुद्राको पर्याप्त सञ्चितीको अवस्थालाई मुलुकको समग्र आर्थिक विकासमा के-कसरी परिचालन गर्न सकिन्छ? बुँदागत रूपमा व्यावहारिक उपाय प्रस्तुत गर्नुहोस् । १०

१०. कोष व्यवस्थापन गर्ने क्रममा बैंक तथा वित्तीय संस्थाले अधिक तरलता र न्यून तरलताको अवस्थामा के-कस्ता उपायहरु अपनाइ तरलता व्यवस्थापन गर्नुपर्दछ? साथै, तरलता व्यवस्थापनको लागि नेपाल राष्ट्र बैंकले प्रयोग गर्ने औजारहरु बारे चर्चा गर्नुहोस् । ५+५=१०

:: समाप्त

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, पाँचौं, वरिष्ठ सहायक पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

MIRAS ACADEMY

२०८०।११।१५ पत्र : प्रथम

समय : ३ घण्टा पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग तथा लेखा

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । खण्ड "क" (६० अङ्क)

१. ग्राहकमूखी बैंकिङ्ग सेवा भनेको के हो? जानकारी गराउँदै ग्राहक संरक्षण सिद्धान्तको संक्षेपमा चर्चा गर्नुहोस् । बैंकिङ्ग सेवालाई ग्राहकमैत्री बनाउन राष्ट्रिय वाणिज्य बैंकले हाल अवलम्बन गरेका रणनीतिहरु के-के हुन्? उल्लेख गर्नुहोस् । ३+३+४=१०

२. मुख्य वित्तीय परिसूचकहरुको आधारमा नेपालको बैंकिङ्ग क्षेत्रको वर्तमान अवस्था चित्रण गर्दै बैंकिङ्ग क्षेत्रमा कायम रहेका प्रमुख चुनौतीहरुको चर्चा गर्नुहोस् । ३+७=१०

३. Branchless Banking को परिचय दिँदै यसका फाइदाहरु उल्लेख गर्नुहोस् । साथै, Branchless Banking र Any Branch Banking System बीच रहेको भिन्नता औंल्याउनुहोस् । ४+६=१०

४. राष्ट्रिय वाणिज्य बैंकले प्रदान गर्दै आएको आधुनिक बैंकिङ्ग सेवाहरु के-के हुन्? उल्लेख गर्दै वित्तीय साक्षरता अभिवृद्धि गर्न राष्ट्रिय वाणिज्य बैंकले गरेका प्रयासहरु उदाहरण सहित चर्चा गर्नुहोस् । ५+५=१०

५. सन्तुलन परीक्षण (Trial Balance) भनेको के हो? यो किन तयार गरिन्छ? स्पष्ट पार्नुहोस् । साथै, यसका सीमाहरु (Limitations) उदाहरण सहित जानकारी दिनुहोस् । ३+३+४=१०

CONTACT 9851335414, 415
LOCATION CTC Mall 5th Floor, Sundhara Kathmandu
Online Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

६. आन्तरिक र बाह्य लेखा परीक्षणको आवश्यकता औंल्याउँदै आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्यमा राष्ट्रिय वाणिज्य बैंकले भोग्दै आएका समस्याहरु बुँदागत रूपमा उल्लेख गर्नुहोस् । ५+५=१० खण्ड "ख" (४० अङ्क)

७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा बैंकमा रहेको निक्षेप उपरको हकदाबीको सम्बन्धमा रहेको प्रावधान उल्लेख गर्नुहोस् । साथै, यस ऐनमा दाबी नपरेको निक्षेपको सम्बन्धमा के व्यवस्था गरिएको छ? लेख्नुहोस् । ७+३=१०

८. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार नेपाल राष्ट्र बैंकका उद्देश्यहरु के-के हुन्? नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्र प्राप्त संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन, २०८० को निर्देशन नं. १५ मा गरिएका पाँच प्रमुख व्यवस्थाहरु के-के हुन्? उल्लेख गर्नुहोस् । ५+५=१०

९. राष्ट्रिय वाणिज्य बैंक, कर्मचारी सेवा विनियमावली, २०७० मा कर्मचारीहरुको वृत्ति विकास र उत्प्रेरणा अभिवृद्धिका लागि भएका प्रमुख व्यवस्थाहरुको चर्चा गर्नुहोस् । ५+५=१०

१०. राष्ट्रिय वाणिज्य बैंक कृषि कर्जा निर्देशिका, २०६९ बमोजिम कृषि कर्जा प्रवाह गर्दा ध्यान दिनुपर्ने मुख्य विषय के-के हुन्? स्पष्ट गर्नुहोस् । कृषि कर्जा प्रवाह गर्दा देखापरेका चुनौतीहरु उल्लेख गर्दै कृषि क्षेत्रमा कर्जा लगानी अभिवृद्धि गर्न के-कस्ता उपायहरु अवलम्बन गर्नु पर्दछ? चर्चा गर्नुहोस् । ४+३+३=१०

:: समाप्त ::

LEARN • GROW • SUCCEED
MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान्न तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Online Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)